अल्लाहको नजरमा सबैभन्दा घृणित व्यक्ति त्यो हो जो अत्यन्त झगडालु र सधैं विवादमा रहन्छ ।

आइशा (रजियल्लाहु अन्हा) ले वर्णन गरेकी छिन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "अल्लाहको नजरमा सबैभन्दा घृणित व्यक्ति त्यो हो जो अत्यन्त झगडालु र सधैं विवादमा रहन्छ ।"
[सही] [मुत्तफकुन अलैहि]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, अल्लाहले धेरै झगडा गर्ने मान्छेसँग घृणा गर्नुहुन्छ, जसले सत्यलाई स्वीकार गर्दैनन् र आफ्नो तर्कले जित्न खोज्छ । वा सत्यको लागि झगडा गर्छ तर संयमताको सीमा भन्दा बाहिर जान्छ र कुनै विषयमा ज्ञान नभए पनि बहस गर्छ ।

http://www.sunnah.global/hadeeth/ne/show/5474